# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४)जनकपुरधाम,नेपाल, कार्तिक०२ गते,२०७७ साल(अतिरिक्ताङ्क ६

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश राजपत्र प्रकाशन निर्देशिका, २०७७**

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस निर्देशिकाको नाम "प्रदेश राजपत्र प्रकाशन निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "ऐन" भन्नाले सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन,२०७५ सम्झनु पर्छ ।

(ख) "छापाखाना" भन्नाले मन्त्रालयको आफ्नै वा मन्त्रालयले प्रचलित कानून बमोजिम तोकेको छापाखाना सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ।

(घ) "प्रदेश राजपत्र" भन्नाले प्रदेश सरकारद्धारा मुद्रण गरिएको वा विद्युतीय माध्यमबाट प्रकाशन गरिएको प्रदेश राजपत्र सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ ।

३. <u>**प्रदेश राजपत्रमा प्रकाशनः**</u> (१) सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन,२०७५ मा तोकिए बमोजिम प्रदेश राजपत्र मुद्रण वा विद्युतीय वा दुवै माध्यमबाट प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश राजपत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयको छापाखाना वा मन्त्रालयले तोकेको कुनै छापाखाना वा विद्युतीय माध्यमबाट प्रकाशन गर्नेछ।

(३) मन्त्रालयले अन्य निकाय तथा सर्वसाधारणको जानकारीको लागी प्रदेश राजपत्रलाई विद्युतीय माध्यम वा मुद्रणद्धारा सार्वजनिक गर्नेछ ।

४. <u>प्रदेश राजपत्र प्रकाशन गर्ने प्रकृया:</u> (१) प्रदेश प्रमुखबाट प्रमाणिकरण भएपछि ऐन वा अध्यादेश सम्बन्धित मन्त्रालयको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ऐन वा अध्यादेश बाहेक अन्य सूचना ऐनमा तोकिएको निकाय वा अधिकारीको निर्णय बमोजिम सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीले सूचना सम्पादनको लागी सक्कल निर्णय फायल सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले सूचना सम्पादन गरी प्रकाशन गर्नेछ ।

५. **<u>प्रदेश राजपत्र प्रकाशन गरिने अङ्कः</u>** (१) प्रदेश राजपत्र प्रकाशन गर्दा ऐन र अध्यादेश बाहेकका सूचना नियमित अंङ्कको रुपमा प्रकाशन हुनेछ ।

(२) मन्त्रालयले प्रदेश राजपत्रमा ऐन र अध्यादेश प्रकाशन गर्दा आवश्यकता अनुसार अतिरिक्ताङ्क कायम गरी प्रकाशन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमक नियमित अङ्क र उपनियम (२) बमोजिमको अतिरिक्ताङ्कको संख्या कायम गर्दा प्रत्येक आर्थिक वर्षको सूचनाको आधारमा वर्ष, मिति र संख्या कायम गर्नु पर्नेछ ।

६. **<u>प्रदेश राजपत्रको ढाँचाः</u>** (१) यस निर्देशिका बमोजिम प्रकाशन गरिने प्रदेश राजपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **<u>प्रदेश राजपत्रको छपाई खर्चः</u>** (१) नियम ३ को उपदफा (२) बमोजिम प्रदेश राजपत्रको छपाई गर्दा लाग्ने खर्च मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रको प्रकाशन खर्च प्रदेश सरकारको विनियोजित बजेटबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले व्यहोर्नेछ ।

८. **<u>राजपत्र सम्पादन तथा प्रकाशन समितिः</u>** (१) प्रदेश राजपत्र सम्पादन, प्रकाशन तथा व्यवस्थापन गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव(कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) महाशाखा प्रमुख, कानून तर्जुमा महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) कानून अधिकृत(तर्जुमा हेर्ने), आन्तरिक मा.तथा का.म. -सदस्य

(ङ) कानून अधिकृत (सम्पादन हेर्ने), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित मन्त्रालय वा निकायको कानून अधिकृत वा अन्य अधिकृत प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) एउटा राजपत्रको प्रकाशनको लागि बढीमा ३ (तीन) वटा सम्म समितिको बैठक बस्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश राजपत्रको सम्पादन एवं प्रकाशन गर्ने गराउने,

(ख) प्रदेश राजपत्रको सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा आवश्यक निर्णय गर्ने,

(ग) प्रदेश स्तरका ऐन, नियमावली, कार्यविधि/निर्देशिका लगायतका प्रदेश कानूनहरुको सम्पादन/संग्रहित गरी प्रकाशन गर्ने, गराउने,

(घ) समितिको कार्यलाई सहयोग गर्न आवश्यक प्राविधिक एवं सहयोगी कर्मचारी लिने वा खटाउने ।

(५) उपदफा (१) बमोजिमका सदस्यले नियमानुसार बैठक भत्ता र उपदफा (४) को खण्ड (घ) बमोजिम खटिएको कर्मचारी/ सहयोगीलाई नियमानुसार खाजा भत्ता वापत खटिएको दिनको नियमानुसार रकम प्रदान गरिनेछ ।

९. **ऐन संग्रहको प्रकाशनः** (१) वार्षिक रुपमा प्रकाशन भएको राजपत्रहरुलाई ऐन/नियम संग्रहको रुपमा मन्त्रालयले प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने ऐन/नियम संग्रहको मूल्य मन्त्रालयले तोके बमोजिम हुनेछ।

१०. **राजपत्रको अभिलेख राख्नु पर्नेः** मन्त्रालयले प्रकाशन भएका प्रदेश राजपत्रको विद्युतीय र मुद्रित प्रतिको छुट्टै सुरक्षित अभिलेख राख्नु पर्नेछ ।

११. **राजश्व रकम सम्बन्धमाः** यस निर्देशिका बमोजिम प्रकाशन भएको राजपत्र तथा ऐन/ नियम संग्रहबाट प्राप्त हुने राजश्व रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

१२. **संशोधन गर्न सक्नेः** आवश्यकता अनुसार प्रदेश सरकारले यस निर्देशिकालाई संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रदेश राजपत्रको ढाँचा</u>**

# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ...., प्रदेश राजधानीको नाम, नेपाल, ......महिना....गते....साल (संख्या/अतिरिक्ताङ्क)

## भाग ....

प्रदेश सरकार

**........................मन्त्रालयको**

सूचना

अनुसूची -२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## प्रदेश राजपत्रको साइज

१. कागजको साइजः लम्बाई २१ से.मि. र चौडाई १५ से.मि.

२. अक्षरको साईजः ११ प्वाइन्ट, फन्टः कालिमाटी

स्विकृत मिति:-२०७७।०७।०२

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव